2058
SAHAMATI

# "Nature Base Solution-Nepal"

## Terms of Reference (TOR)

सहमति र वर्ल्ड वाईड फन्ड (WWF)नेपालको साझेदारीमा नवलपरासी (व.सु.पू) जिल्लाको गिन्द्रि जलाधार क्षेत्र र चितवन जिल्लाको खगेरी जलाधार क्षेत्रमा **टि.वि.पि परियोजना** सञ्चालन गरिरहेको छ । यस कार्यक्रम अन्तर्गत समुदायहरुको क्षमता अभिवृद्धी, जन चेतनामुलक कार्यक्रम, जलाधार क्षेत्र व्यवस्थापन, वन व्यवस्थापनमा सुधार, जीविकोपार्जन विविधीकरण, बजारमा पहुँच, वकालत र अभियानहरु, बहुपक्षिय छलफल, सहभागिता मूलक र समावेशी संरक्षण अधिकारको क्षेत्रमा क्रियाकलापहरु कार्यान्वयन हुँदै छन् । यसै परियोजनाको लागी **अनुसुचि १** अनुसार उल्लेखित अग्नि र आगलागि नियन्त्रण सुरक्षा सामग्री खरिद गर्नुपर्ने भएकोले TORमा उल्लेखित शर्त अनुसार आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक आधिकारिक डिलर, सप्लायर्स स्थानीय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ता बाट सिलबन्दी बोलपत्र पेश गर्नको लागि आह्वान गरिन्छ ।

**शर्तहरु:**

- ✓ नेपाल सरकार बाट इजाजत प्राप्त तथा सम्वन्धित कम्पनीका आधिकारीक बिक्रेताहरु यो सिलबन्दी बोलपत्र पेश गर्नको लागि योग्य हुनेछ ।
- ✓ अनुसूची १मा उल्लेख गरिएको सामग्रीहरूको विस्तृत विवरण र गुणस्तरको आधारमा प्रति इकाई दररेट पेश गर्नुपर्ने छ । दरभाउपत्र पेश गर्दा सामग्रीहरुको हकमा उत्पादन कम्पनी, ग्यारेन्टी, वारेन्टी आदि पनि स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।
- ✓ कम्पनी/फर्म/अधिकृत बिक्रेताले सिलबन्दी बोलपत्र आह्वानको सूचनामा उल्लेखित मिति भित्र दरभाउ पेश गर्नु पर्नेछ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका सिलबन्दी बोलपत्र उपर कुनै कार्वाही हुनेछैन ।
- ✓ सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उल्लेख भए बमोजिम बोलपत्र दर्ता गर्न सकिनेछ ।
- ✓ बोलपत्रमा भए बमाजिमको सामाग्री आवस्यकताका अनुसार नमुना प्रतिमाग गर्न सकिने छ, नमुना र उल्लेखीत उचित कारण विना सामाग्री फरक परेमा बोलपत्र अस्वीकृत गर्न सकिने छ । नमुना सामाग्री सम्वन्धीत बोलपत्रदाताले खरिद गर्नु पर्ने छ, आवस्यक मूल्याङ्कन तथा गुणस्तर एकीन भए पश्चात फिर्ता गरिने छ,।
- ✓ बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले तोकीएको समयमा सम्झौता गरि सामाग्री उपलब्ध गराउनु पर्ने छ । सहमति संस्थाको कार्यालय सम्म समाग्री ढुवानी गर्ने तथा हस्तान्तरण गर्ने जिम्मेवारी सम्वन्धित बोलपत्रदाताको हुने छ ।
- ✓ सम्झौता अगाडी स्वीकृत बोलपत्रदाताले संस्थाको नाममा नगदै, बैंक दाखीला वा बैक जमानत मार्फत स्वीकृत रकमको ५ प्रतिशत धरौटी जम्मागरि सम्झौताको लागि कार्यालयमा आधिकारीक व्यक्ति उपस्थित भई सम्झौता गर्नुपर्ने छ ।

सहमति
SAHAMATI
(२०५८) Gaindakot, Nawalparasi
(An Institution Dedicated For Community Plus Humane Development)

- ✓ खरिद आदेशको आधारमा सामाग्री प्राप्त भए पछि प्रक्रियागत रुपमा भुक्तानीको लागि सप्लार्यसले अनुरोध गर्नुपर्ने छ । भुक्तानी विशेष परिस्थिती वाहेक बढिमा एक हप्ताभित्र सम्वन्धित बोलपत्रदाताको बैंक खातामा जम्मा हुने गरि चेक मार्फत गरिने छ ।
- ✓ सिलवन्दी बोलपत्रको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा (भ्याट सहित) स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथमकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै वाध्यात्मक शर्त राखेको वा दररेट सम्वन्धि अधुरो रहेको दरभाउपत्र स्वत:रद्द हुनेछ ।
- ✓ आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मन्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।
- ✓ सिलवन्दी बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

क.विस्तृत र स्पष्टरूपमा दररेट (उल्लेखित अनुसूची १ मा उपलब्ध फारम नमूना अनुसार)
ख.फर्मदर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि ।
ग.मूल्य अभिवृद्धि कर दर्ता तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
घ.सिलवन्दी बोलपत्र बुझाएको निवेदन ।
ङ. सम्वधित सामाग्रीको क्याटालग ।

सिलवन्दी वोलपत्र पेश गर्दा अनिवार्य रुपमा यस TORमा संलग्न अनुसूचि १ भरि प्रत्येक पानामा हस्ताक्षर तथा छाप लगाई उल्लेखित कागजात सहित पेश गर्नुपर्नेछ ।

सिलवन्दी वोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सहमति संस्थामा निहित हुनेछ र सो को कारण सप्लार्यस/दातालाई संस्थाले कारण खुलाउन वाध्य हुने छैन ।

उल्लेखित बोलपत्र सिलबन्दी खाममा **"अग्नि नियन्त्रण सामग्री खरिद"** लेखी मिति २०८०/०७/१३ गते (30th Oct2023) बेलुका ५:०० बजे भित्र **सहमति** केन्द्रिय कार्यालय, गैंडाकोट ५,नवलपरासी (ब.सु.पू) मा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ । सामाग्रीको TOR/Bidding documents http://www.sahamati.org/notice बाट प्राप्त गर्न सकिनेछ ।

मिति:२०८०।०६।२३

सहमति
SAHAMATI
(२०५८)
Gaindakot, Nawalparasi
(An Institution Dedicated For Community Plus Humane Development)

अनुसूची १: अग्नि नियन्त्रण सामाग्री (Specification)

| S.N | Materials Name | EstimatedTotal Quantity | Specification | Unit | Unit Price with 13% VAT | Unit Price in Words | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | Fire Swatter | 30 | Total Weight: 2 kg<br>Length of handle: 1.5 m<br>Length of flaps: 300mm ± 20mm<br>Width of flaps: 50-80 mm (prefer 75 mm)<br>No. of flaps: 4-6 (prefer 4)<br>Material (Flap): Rubber and cotton thread casting or equivalent. | Pieces | | | |
| 2 | Fire Rake | 30 | Weight: 2 kg<br>Length of handle: (1.0-1.3) m<br>Width of metal head: 30 cm;<br>Inner Angle: 800<br>No. of Teeth: 4 | Pieces | | | |
| 3 | Fire Rake Hoe | 30 | Weight: 1.5 kg<br>Length of handle: (80-90) cm<br>Metal Head:<br>Length:23 cm<br>Width: 20 cm<br>No. of Teeth: 3-6 | Pieces | | | |
| 4 | Back Pack Pump | 50 | 10 litre | Pieces | | | |
| 5 | Helmet | 30 | Hard | Pieces | | | |
| 6 | Gum Boot with steel toe | 30 | Model: Gumboot with steel toe, Height 13", Toe: Steel toe, Upper: Soft and flexible PVC for comfort, Sole: Double density sole with extra hard PVC for better gripping, water proof boot | Pair | | | |

सहमति SAHAMATI (२०४९) Gaindakot, Nawalparasi (An Institution Dedicated For Community Plus Humane Development)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 7 | Head torch | 30 | head torch or similar | Pieces | | | |
| 8 | Gloves | 30 | Fire proof (soft leather or cotton) | Pair | | | |
| 9 | Fire Suit | 30 | Fire resistant Yellow colour fabric cotton | Pieces | | | |
| 10 | First-aid kit box with medicine | 10 | 3 layer first aid box with medicine | Pieces | | | |
| 11 | Shovel | 30 | Black in colour<br>• Wood handle material<br>• Length of 225 mm<br>• Hand shovel type<br>• Width of 120 mm | Pieces | | | |
| 12 | Face mask | 30 | Cotton made, full cover up to neck | Pieces | | | |
| 13 | Whistle | 30 | Emergency whistle (hard) | Pieces | | | |

नोट:

क) अग्नि नियन्त्रण सामग्रीको अनुमानीत संख्यामा आवस्यकता अनुसार थपघट हुन सक्नेछ जसको लागि कोटेशन दाताले खरिद आदेश अनुसार स्वीकृत दरमा भुक्तानी पाउनेछ ।

ख) अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ । माथि उल्लेखित मुल्यमा भ्याट समावेश गर्नुपर्नेछ ।

ाम: मिति: छाप: हस्ताक्षर: